जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १९६ २०८० साल फागुन २४ गते बिहीबार (7 Mar. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : निजामती सेवा विधेयकः सेवा प्रवेशको ३ पृष्ठमा : महिला अधिकारकालगि ११ बुँदे.. ३ पृष्ठमा : 'सुपर ट्यूस्डे' परिणाम.

# कंचनरुपद्वारा दुई आर्थिक वर्षको वार्षिक कार्य प्रगति विवरण सार्वजनिक




**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

सप्तरीको कञ्चनरुपन नगरपालिकाले बुधबार दुई आर्थिक वर्षको वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरेको छ ।

एक कार्यक्रमको आयोजना गरी नगरपालिकाको वडा नं. २ बरमझियास्थित कभर्ड हलमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरी आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को प्रथम चौमासिक सम्मको वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरिएको हो ।

"नगरवासीसँग नगरपालिका" नारासहित शुरु गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा जनप्रतिनिधि, नगरपालिकाका सबै फाँटका प्रमुख तथा कर्मचारी, सुरक्षा निकायका प्रमुख सरोकारवाला निकाय, संचारकर्मीका साथै स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो ।

यसरी सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गर्ने कञ्चनरुप नगरपालिका जिल्लाकै पहिलो पालिका नगरप्रमुख ललन प्रसाद गुप्ताले बताए ।

सो अवसरमा उनले नगरपालिकाका जनप्रतिनिधिहरुको तर्फबाट नगर विकासका खाका र साझा संकल्प व्यक्त गर्दै भावी दिनमा गर्नु पर्ने थप कार्यहरुका लागि सहभागितासँग राय सुझाव समेत संकलन गरे ।

उनले नगरपालिकामा १५ शैय्याको अस्पताल, शित भण्डारको निर्माण, गर्भवती र विपन्न समुदायसँग मेयर, सडक विस्तार लगायतका कामका साथै शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा विकास बजेटको अधिकांश रकम खर्चिएको बताए ।

नगरपालिकाले स्वास्थ क्षेत्रमा गरेको उत्कृष्ट कार्य तथा व्यवस्थापनका कारण जिल्लामा प्रथम र प्रदेशमा तेश्रो स्थानमा हासिल गर्न सफल भएको बताउँदै उनले बजेट छरेर सिध्याउनु भन्दा हरेक वर्ष दुई चार वटा भएपनि अति आवश्यक र ठुलो संख्यामा नगरवासीले लाभ लिन सक्ने योजनामा पुग्ने बजेट विनियोजन गर्ने सोच अनुसार अघि बढेको र यसमा सबैको सकारात्मक साथ र सहयोगको अपेक्षा राखेको बताए ।

प्रमुख प्रशासकीय अधिकृत रामनारायण साहले दुई आर्थिक वर्षको प्रथम चौमासिक वार्षिक कार्य प्रगति विवरण प्रस्तुत गरे । प्रतिवेदन नगरपालिकाले २०७९ड्ड-स/८० मा १ करोड ४० लाख २९ हजार राजस्व संकलन गर्न सफल भएको उल्लेख गरिएको छ ।

यस्तै २०८०/८१ हालसम्ममा ४० लाखभन्दा बढी राजस्व संकलन गर्न सफल भएको प्रतिवेदन मार्फत जनाइएको छ । प्रतिवेदनअनुसार २०८०।०८१ का लागि कुल ७६ करोड ७० लाख २० हजार ६ सय ७८ रुपैया विनियोजन गरिएकोमा हालसम्म विभिन्न शिर्षकमा गरी २८ करोड ३५ लाख ५२ हजार रुपैयाँ खर्च भएको छ । उनले न्यायिक समिति मार्फत परेको ४१ मुद्दा मध्ये ३३ वटाको न्याय सम्पादन कार्य सकिएको र न्याय सम्पादनमा समेत यो नगरपालिका अब्बल रहेको बताए ।

उनले संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ नियकाय एवम् विभिन्न संघ संस्थाबाट उपलब्ध भएको श्रोतको उचित परिचान गरी विकास निर्माण र सुशासन समेतलाई गति प्रदान गरिएको बताए ।

नगरप्रमुख गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रममा उपप्रमुख मुना पोखरेल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, पत्रकार तथा सरोकारवाला निकायका प्रतिनिधिले सो अवसरमा आ आफ्ना सुझाव राखेका थिए ।

# प्रहरी सहायक हवल्दारको छतबाट लडेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

ईलाका प्रहरी कार्यालय बोदे बरसाईन सप्तरीमा कार्यरत प्रहरी सहायक हवल्दार कृष्ण मोहन सिंहको छतबाट लडेर मृत्यु भएको छ ।

मंगलबार राति १० बजे ड्युटी सकेर आफ्नो कोठामा सुतेका सिंह अचानक राति ३:४० बजे छतबाट लडेर तल झरेका थिए ।

ड्युटीमा रहेका सेन्ट्रीले आवाज सुनेपछि तत्कालै उपचारको लागि जीवन ज्योति हस्पिटल प्रालिमा लगेको र त्यहाँ उपचार हुने सम्भव नभएपछि राजविराजस्थित छिन्नमस्ता हस्पिटल पठाएकोमा त्यहा मृत घोषणा गरेको थियो ।



जिल्ला सर्लाही बलरा नगरपालिका १० सिंह टोल बस्ने ३३ वर्षीय प्रहरी सहायक हवल्दार सिंहको दरबन्दी प्रहरी चौकी बिसनपुर सप्तरीमा रहेको छ ।

जिल्ला प्रहरी सप्तरीका प्रहरी नायव उपरीक्षक ढुन्डीराज नेउपानेले आफन्त आएपछि पोस्टमार्टम गराएर परिवारलाई जिम्मा लगाउने बताए । उनले यस विषयमा थप अनुसन्धान भइरहेको बताए ।

बोलबम । बोलबम ।। बोलबम ।।।





यही मिति २०८० साल फाल्गुन २५ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।

**अनुरोधकर्ता**

श्री हरिनन्देश्वर महादेव मन्दिर
संरक्षण, सम्बर्द्धन समिति, राजविराज

# टिपरको ठक्करबाट व्यापारी साहको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

सप्तरीको कञ्चनरुप नगरपालिका १२ धरमपुरमा बुधबार टिपरको ठक्करबाट मोटरसाइकलमा सवार स्थानिय ब्यापारी अशोक साहको मृत्यु भएको छ ।

पश्चिमबाट पुर्वतर्फ आउँदै गरेको प्र२-०१-००प९६३४ नम्बरको साह चढेको मोटरसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको क.१ख.८६३ नम्बरको टिपरले ठक्कर दिँदा उनको घटना स्थलमै मृत्यु भएको ईलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

कञ्चनरुप नगरपालिका ९ निवासी ५० बर्षिय अशोक साह रुपनगर चौकको पुराना तथा सप्तरीकै प्रतिष्ठित व्यापारी हुन् ।

ब्यापारी साहको मृत्यु भएको बिरोधमा स्थानीयबासी र मृतकका आफान्तहरुले २ घण्टा देखि रुपनगर चौकमा टायर बालेर सडक जाम गरि प्रदर्शन गरेका थिए । पीडितले उठाएको माग बमोजिम टिपर चालकलाई कडा कारबाही गर्ने र मृतक परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउने सहमतिपछि सडक अवरुद्ध खुलेको छ ।

यता कञ्चनरुप ब्यापार संघका सचिव शशी साहले शोक सन्देश जारी गर्दै बिहीबार १२ बजेसम्म व्यापार व्यवसाय बन्द गर्न अह्वान गरेका छन् ।

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मलेठ घटनाको प्रतिवेदन सार्वजनिक गर्न प्रदेश सरकार गम्भिर भएन

मलेठ घटना बारे राष्ट्रिय मानव अधिकार आयोगले बुझाएको प्रतिवेदन यथार्थ नभएको भन्दै तत्कालिन प्रदेश नं. २ (हाल मधेश प्रदेश) सरकारले आफैं छानबिन गर्न २०७४ साउन ७ गते समिति गठन गरेको थियो। २०७३ साल फागुन २३ गते भएको उक्त घटनामा ५ जना मारिएका थिए। सो घटनाबारे २०७४ साल साउन ७ गते बसेको मधेश प्रदेश मन्त्रिपरिषद् बैठकले तत्कालिन आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवको संयोकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिमा सामाजिक विकासमन्त्री नवलकिशोर साह र तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह सदस्य थिए। समितिमा मुख्य न्यायाधिवक्ता कार्यालयका उप-न्यायाधिवक्ता कृष्णप्रसाद बराल सदस्य सचिव थिए। समितिले मलेठ घटनाको सम्बन्धमा निष्पक्ष छानबिन गरी १५ दिनभित्र मन्त्रिपरिषदमा प्रतिवेदन पेश गर्ने भनिएको थियो। तर, घटना भएको ७ वर्ष बित्दा समेत हालको मधेश सरकारले सो प्रतिवेदन सार्वजनिक गर्न सकेको छैन।

राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारी संयोजक रहेको उच्च स्तरीय छानबिन समिति बनाएको थियो। आयोगले २०७३ चैत ३१ मा मलेठ घटनाका सम्बन्धमा अनुसन्धान गर्न समिति गठन गरी छानबिन गर्ने निर्णय गरेको थियो। उक्त समितिले २०७४ जेठ ८ देखि २०७४ जेठ १३ सम्म स्थलगत छानबिन र जेठ २९ गते सम्म काठमाडौंमा नै बसी छानबिन सम्बन्धी अन्य कार्य एवम् प्रतिवेदन तयार गरेको थियो। २०७३ फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा बिथोल्न कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरुको अगुवाइ गर्ने सप्तरी जिल्लाको मधेसी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ,' २०७४ असार ३२ मा सार्वजनिक गरिएको प्रतिवेदनमा भनिएको छ। मधेशी मोर्चाले सभा हुन नदिने र एमालेले गरेरै छाड्ने अडान लिएपछि मलेठमा हिंसात्मक घटना हुन पुग्यो।

तसर्थ मलेठ घटना बारे छानबिन गर्न बनाइएको समितिले हालसम्म पनि प्रतिवेदन सार्वजनिक गर्न नसकेकोले यसप्रति प्रदेश सरकारले आफ्नो दायित्वबाट पन्छिएको छ। यसप्रति अहिले पनि प्रदेश सरकार गम्भिर हुनु आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# निजामती सेवा विधेयकः सेवा प्रवेशको उमेर घटाउने र अवकाश पाउने उमेर बढाउने प्रस्ताव

काठमाडौं, २३ फागुन (रासस)।

'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' आइतबार संसद्मा दर्ता भइसकेको छ। विधेयक विद्यमान निजामती ऐनमा भएका केही व्यवस्था संशोधन र नयाँ व्यवस्थासहित तयार पारिएको छ। विधेयकले कर्मचारीको सेवा शर्त र सुविधासम्बन्धी कानूनलाई सङ्घीयताअनुरुप सञ्चालन गर्न आवश्यक व्यवस्थाहरू समेटेको छ।

**श्रेणीबाट तहगत व्यवस्था :**

संसद्मा दर्ता भएको विधेयकमा निजामती कर्मचारीलाई श्रेणीगतबाट तहगत प्रणालीमा लगिने प्रस्ताव गरिएको छ। राजपत्राङ्कित विशिष्ट अधिकृत चौधौं र तेह्रौं तह हुनेछ। राजपत्राङ्कित प्रथममा बाह्रौं र एघारौं तह रहनेछ। राजपत्राङ्कित द्वितीयमा दसौं र नवौं तह छन्। छैटौं, सातौं र आठौं तहलाई राजपत्राङ्कित तृतीय मानिएको छ। पहिलोदेखि पाँचौं तहसम्म राजपत्र अनङ्कित श्रेणी प्रस्ताव गरिएको छ।

यो विधेयक पारित भएर ऐनका रूपमा लागु भएपछि राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिव र मुख्य रजिष्ट्रारको पदमा बहाल रहेका कर्मचारी अधिकृत चौधौं तहमा रहनेछन्। राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा बहाल रहेको कर्मचारी अधिकृत तेह्रौं, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत एघारौं र राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बहाल कर्मचारी अधिकृत नवौं तहमा रहनेछन्। राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत सातौं मानिनेछ।

त्यसैगरी, राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक पाँचौं, द्वितीय श्रेणीको कर्मचारी चौथोमा, तृतीय श्रेणीको कर्मचारी सहायक तेस्रोमा र राजपत्र अनङ्कित पाँचौ श्रेणी वा सहायक पहिलो तहमा कायम हुनेछ। यो ऐन प्रारम्भ हुनुअघि श्रेणीविहीन पदमा बहाल रहेको निजामती कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वतः राजपत्र अनङ्कित पाँचौं श्रेणी वा सहायक पहिलो तहमा कायम भएको मानिने विधेयकमा उल्लेख छ।

**सेवा प्रवेश र पदपूर्ति**

राजपत्र अनङ्कित पाँचौं श्रेणी अर्थात् सहायक पहिलोमा शतप्रतिशत खुला प्रतियोगिताबाट पूर्ति गरिनेछ। राजपत्र अनङ्कित द्वितीय श्रेणी अर्थात् सहायक चौथोमा ८० प्रतिशत खुला १० प्रतिशत अन्तरतह प्रतियोगिताद्वारा र १० प्रतिशत बढुवाद्वारा पूर्ति गरिनेछ। राजपत्र अनङ्कित प्रथम श्रेणी अर्थात् सहायक पाँचौंमा शतप्रतिशत बढुवाद्वारा पूर्ति गरिने प्रस्ताव गरिएको छ। राजपत्राङ्कित तृतीय श्रेणी अर्थात् अधिकृत सातौंमा ६५ प्रतिशत खुला प्रतियोगिता, १० प्रतिशत अन्तरतह प्रतियोगिता र २५ प्रतिशत बढुवाद्वारा गरिनेछ।

राजपत्राङ्कित द्वितीय श्रेणी अर्थात् अधिकृत नवौं तहमा १० प्रतिशत खुला प्रतियोगिता, २० प्रतिशत अन्तरतह प्रतियोगिता र ७० प्रतिशत आन्तरिक बढुवाद्वारा गरिनेछ। राजपत्राङ्कित प्रथम श्रेणी अर्थात् अधिकृत एघारौं तहमा खुला प्रतियोगिताद्वारा १०, अन्तरतह प्रतियोगिताद्वारा १० र आन्तरिक बढुवाद्वारा ८० प्रतिशत पदपूर्ति गरिने प्रस्ताव गरिएको छ।

अधिकृत नवौं तहमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सरकारी संस्थाको अधिकृत स्तरको पदमा सात वर्ष काम गरेको हुनुपर्नेछ। त्यसैगरी, अधिकृत नवौं तहमा दश वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

**आरक्षणभित्र आरक्षण**

खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाबीच मात्र र बाँकी ५० प्रतिशतमा अन्य समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराइनेछ। महिलाबीचमात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको ५० प्रतिशत पदलाई शतप्रतिशत मानी महिला उम्मेदवारबीच पनि विभिन्न समूहमा प्रतिस्पर्धा गराइनेछ। अर्थात् महिलाभित्र पनि विभिन्न समूहमा आरक्षणसहित प्रतिस्पर्धा गराइनेछ। महिला समूहमा खसआर्यलाई २७ प्रतिशत, आदिवासी जनजातिलाई २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ दशमलव सात प्रतिशत थारु छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत, पिछडिएको क्षेत्र चार प्रतिशत र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत रहेको छ।

**सेवा प्रवेशको उमेर घटाउने प्रस्ताव**

खुला प्रतिस्पर्धाबाट निजामती सेवामा प्रवेशका लागि उम्मेदवार हुन तोकिएको विद्यमान उमेर हदलाई संशोधन गर्न लागिएको छ। राजपत्र अनङ्कित वा सहायक तहको पदमा १८ वर्ष पूरा भएको र राजपत्राङ्कित वा अधिकृत तहको पदमा २१ वर्ष पूरा भएको हुनुपर्नेछ। पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३७ वर्ष उमेर नकटेको हुनुपर्नेछ। अपाङ्गता भएका व्यक्ति ३७ वर्षसम्म उम्मेदवार हुन सक्नेछन्। हाल उम्मेदवार हुन पाउने उमेरहद पुरुषको हकमा अधिकतम ३५ वर्ष र महिलाको हकमा ४० वर्ष रहेको छ।

भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको सङ्घीय निजामती सेवाको पदमा भने ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ। अधिकृत नवौं तहको पदका लागि हुने खुला प्रतियोगितामा ४० वर्ष ननाघेको व्यक्ति मात्रै उम्मेदवार हुन सक्नेछ।

राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि मुख्य सचिव वा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष रहेको छ। एक आर्थिक वर्षमा बढीमा तीन महिनाका लागि मात्र काज खटाउने सकिने व्यवस्था विधेयकमा राखिएको छ।

**सेवासुविधा**

निजामती कर्मचारीलाई आवास सुविधा, सरकारी सुविधा, विशेष आर्थिक सुविधा तथा स्वास्थ्य बीमा योजनालगायतका सुविधाको प्रस्ताव गरिएको छ। निजामती कर्मचारीले खाइपाइ आएको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडबाड खर्चका रूपमा पाउनेछन्। कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा सरकारले नै गर्नेछ। कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा राखिने व्यवस्था गरिनेछ। सरकारले निजामती कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था पनि विधेयकमा राखिएको छ।

**बढुवा र तहवृद्धि**

सङ्घीय निजामती सेवाको पदमा बढुवाका लागि उम्मेदवार हुन राजपत्र अनङ्कित पदका लागि पाँच वर्ष र राजपत्राङ्कित पदका लागि सातवर्ष सेवा अवधि आवश्यक हुने प्रावधान राखिएको छ। तहवृद्धि गर्दा सहायक पाँचौं, सातौं तह, एघारौं तहमा सातवर्ष सेवा अवधि पूरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा ९० प्रतिशत अङ्क प्राप्त गरेको र नकारात्मक सूचीमा नपरेको अवस्थामा त्यस्तो कर्मचारीलाई एक तह वृद्धि गर्न सकिने व्यवस्था विधेयकमा राखिएको छ। राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा सुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम गरी त्यसपछि प्रत्येक पाँच वर्षमा स्तरवृद्धि गरी बढीमा पाँचौंस्तरसम्म वृद्धि गर्न सकिनेछ।

**निवृत्तिभरण र अवकाश**

विधेयकको व्यवस्थाअनुसार निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछन्। विद्यमान निजामती ऐनमा कर्मचारीको उमेरहद ५८ वर्ष छ। निवृत्तिभरण पाउने अवस्था र उमेरको हद ५५ वर्ष पूरा भएका निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन पाउनेछन्। यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा पाँच वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवा अवधि कायम गरिनेछ।

पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा निश्चित रकम उपदान पाउनेछन्। पाँच वर्षदेखि १० वर्ष सेवा गरेकाले आधा महिनाको तलब, १० देखि १५ वर्ष सेवा गरेका कर्मचारीले प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब र १५ वर्ष देखि २० वर्षसम्म सेवा गरेको कर्मचारीले प्रत्येक वर्षको आखिरी डेढ महिनाको तलब उपदानका रूपमा पाउनेछन्। २० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेका कर्मचारीले आजीवन निवृत्तिभरण पाउनेछन्।

**कर्मचारीको आचरण**

निजामती कर्मचारीहरू राजनीतिक क्रियाकलापमा सङ्लग्न हुन नपाउने, सरकारको आलोचना गर्न नपाउने, सरकारी कामकाजसम्बन्धी समाचार प्रकाशन गर्न नपाउनेलगायतका व्यवस्था विधेयकमा छन्। त्यस्तै, निजामती कर्मचारीले सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनैपनि प्रकारको दान, दातव्य, कोसेली, उपहार स्वीकार गर्न वा चन्दा माग्न पाउने छैनन्। सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग कर्मचारीले सापटीसमेत लिन नपाउने व्यवस्था विधेयकमा राखिएको छ।

निजामती कर्मचारीले कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार व्यवसाय गर्न पाउने छैनन्। परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्यमा पनि कर्मचारी आवद्ध हुन पाउने छैनन्। निजामती कर्मचारीले प्रदर्शन तथा

*बाँकी तीन पृष्ठमा*

सुचना सुचना सुचना

यस समिति को मिति २०८०।११।२२ गते को निर्णयानुसार समितिको छैठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान एंव समयमा हुने भएकोले यस समितिको आजिवन सदश्यज्यू हरु को गरिमामय अनिवार्य उपस्थिति को लागि साग्रह अनुरोध गार्दछु।

कार्यक्रम

१. मिति २०८०।१२।१० गते शनिवार
२ स्थान :- माँ वैस्णवी काली मन्दिर परिसर रा.वि.३
३. उदघाटन सत्र विहान ११ बजे दोखि १ बजे सम्म
४. , १ बजे देखि २ बजे सम्म चिया पान
५. बन्द सत्र २ बजे देखि ४ बजे सम्म

महा सचिव
राधेश्याम रमण

# महिला अधिकारकालागि ११ बुँदे घोषणापत्र जारी

काठमाडौँ, २३ फागुन (रासस) ।

महिला अधिकारका लागि विश्व महिलावादी मञ्चद्वारा अनुमोदित ११ बुँदे घोषणापत्र सार्वजनिक गरिएको छ । बुधबार महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले यहाँ पत्रकार सम्मलेन गरी उक्त घोषणापत्र सार्वजनिक गरेको हो ।

ओरेक नेपालका अध्यक्ष डा रेनु अधिकारीले घोषणापत्र सार्वजनिक गर्दै विश्वव्यापी रूपमा वातावरणीय ह्रास, पर्यावरणीय अन्यायले महिला पछाडि पारिएका भन्दै न्यायको लागि महिलावादी नेतृत्व, नीति सुधार र स्रोतको न्यायोचित वितरण गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले युवा, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले पूँजीवाद, औपनिवेशिक र पितृसत्ताले जीवनमा पारेका प्रभावको पहिचान तथा विश्लेषण गर्नुपर्ने, रुपान्तरणका लागि राजनीतिमार्फत युवाको नेतृत्व निर्माण गर्नुपर्ने बताउनुभयो ।

डिजिटल रूपमा हुने सबै प्रकारका भेदभाव, हिंसा, मूल्यमान्यता र यसको सम्बोधनका लागि बनेका विभेद्पूर्ण नीतिको अन्त्य गर्नुपर्ने माग राख्दै पछाडि पारिएका किशोरी, महिला तथा यौनिक र लौङ्गिक अल्पसङ्ख्यक समुदाय अनुकूल कानुन र नीतिको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उक्त घोषणापत्रमा उल्लेख गरिएको छ ।

विश्वव्यापी रूपमा महिलालाई सबैभन्दा बढी यौनकर्मी, आप्रवासी, मनोरञ्जन क्षेत्रमा काम गराउने, उनीहरूलाई सेवामूलक काममा मात्र सिमित गर्ने र महिलाको शरीरलाई उपभोग्य नाफा कमाउने माध्यमका रूपमा परिणत गरेको आरोप लगाउँदै यस्तो कार्यको सुधार गर्नुपर्ने माग घोषणापत्रमा राखिएको छ ।

घोषणापत्रमा सैन्यीकरण र पूँजीवादको चर्को द्वन्द्वका कारण स्रोतको दोहन, हिंसा र असमानताले महिला र बालबालिकामा असमान प्रभाव परेको उल्लेख गर्दै न्याय, समानता, मानव अधिकारको प्रत्याभूति र हातहतियार उत्पादनमा रोक लगाउँदै विश्वभरि चलिरहेको युद्धको तत्काल युद्धविरामको माग गरको छ ।

त्यस्तै गरिब, आदिवासी, भूमिहीन र ग्रामीण किसानको भूमि र आवासको अधिकार सुनिश्चित गर्नको लागि आन्दोलनलाई थप अगाडि बढाउन आग्रह गरेको छ ।

नियन्त्रित बजारद्वारा निर्देशित भएको अर्थतन्त्र, अन्यायपूर्ण विकास र निर्यातयोग्य नीतिले मानिसको शरीरलाई वस्तुमा परिणत गरी जबरजस्ती बसाइँसराइ, शरणार्थी, शोषण र बेचबिखनमा पार्न बाध्य पारेको घोषणपत्रमा उल्लेख गरिएको ओरेकका अध्यक्ष डा अधिकारीले जानकारी दिनुभयो ।

---

## *निजामती ...*

हड्ताल गर्न पाउने छैनन् । "निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, दबाब दिन, कलम बन्द गर्न, तालाबन्दी गर्न वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पु्र्‍याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउनसमेत नहुने व्यवस्था गरिएको छ", विधेयकमा भनिएको छ । कर्मचारीले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सार्वजनिक पदाधिकारी, कुनै राजनीतिक दल, राजनीतिक दलको पदाधिकारीको पक्षा वा विपक्षमा कुनै टिप्पणी गर्न नपाउने व्यवस्था गरिएको छ ।

**प्रदेश र स्थानीय तहमा सङ्घबाटै कर्मचारी**

प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको पद हुने व्यवस्था विधेयकमा गरिएको छ । प्रदेश मन्त्रालयका सचिवको पद अधिकृत बाह्रौँ तहको प्रदेश निजामती सेवाको पद हुनेछ । त्यसैगरी, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत यो ऐन लागू भएको दश वर्षसम्म सङ्घीय निजामती प्रशासन सेवाको कर्मचारी खटाइने पनि विधेयकमा उल्लेख छ ।

**समायोजनसम्बन्धी व्यवस्था**

सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा समायोजन मिलान वा संशोधन गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका तर हाजिर हुन नसकी फिर्ता भएका कर्मचारीको पदस्थापनसम्बन्धी व्यवस्था पनि विधेयकले समेटेको छ । स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित प्रदेशको स्थानीय तह र प्रदेशका कर्मचारीलाई अर्को प्रदेशमा पनि पठाउन सकिनेछ । तर समायोजन भएका कर्मचारीलाई सङ्घीय निजामती ऐनले भने नसमेट्ने व्यवस्था गर्न लागिएको छ ।

**स्थायी सिफारिस नभएकालाई अस्थायी नियुक्ति**

निजामती कर्मचारीमा अस्थायी नियुक्ति दिनुपर्दा लोकसेवा आयोगले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारबाट नियुक्त गरिनेछ । अस्थायी नियक्ति गर्ने प्रयोजनका लागि सूची प्रकाशन गर्ने र सो सूचीमा रहेका मध्येबाट योग्यताक्रमका आधारमा अस्थायी कर्मचारी नियुक्त गरिनेछ ।

**एघार सेवा समूह**

सङ्घीय निजामती सेवाअन्तर्गत ११ वटा सेवा राखिएका छन् । जसअन्तर्गत नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, शिक्षा, सूचना प्रविधि र विविध सेवा रहेका छन् । त्यसैगरी, तेह्रौँ तहसम्म सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि विभिन्न छ वटा सेवा रहनेगरी समूहीकरण (क्लस्टर) गरिएको छ । जसअन्तर्गत इन्जिनियरिङ, कृषि तथा वन, न्याय, परराष्ट्र, प्रशासन र लेखापरीक्षण सेवा रहनेछन् । सङ्घीय निजामती कर्मचारीका विभिन्न श्रेणी र तहको व्यवस्था गरिएको छ ।


### सिलबन्दी कोटेसन आह्वानको सूचना

**राजविराज नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय, राजविराज, सप्तरी

प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०८०/११/२४

१. राजविराज नगरपालिकाको तपशिल बमोजिमको कार्यहरु निर्माण गर्न यस पालिकामा सुचिकृत भएका निर्माण व्यवसायी संग सिलबन्दी कोटेसन आह्वान गर्दछ

| सि.न. | योजनाको नाम | अनुमानित लागत | कोटेसनको जमानत | कार्य सम्पन्न गर्नु पर्ने मिति | जमानत फिर्ता अबधि |
|---|---|---|---|---|---|
| १ | राजविराज न. पा. ७ मा भगवती पोखरी सौन्दर्यकरण | १००००००/- | २५०००/- (नगद) | सम्झौता भएको मितिले १ महिना भित्र | सम्झौता पश्चात |
| २ | राजविराज न. पा. ७ मा भगवती पोखरीमा बोरिंग फोहोरा तथा लाईटिंग कार्य | ५०००००/- | १२५००/-(नगद) | सम्झौता भएको मितिले १ महिना भित्र | सम्झौता पश्चात |
| ३ | राजविराज न. पा. ७ मा भगवती पोखरीमा उतर पुर्व तर्फ गेट वा दक्षिण पश्चिम तर्फ योगा सेड निर्माण | १००००००/- | २५०००/-(नगद) | सम्झौता भएको मितिले १ महिना भित्र | सम्झौता पश्चात |

२. योग्य निर्माण ब्यवसायीले मिति २०८०/११/३० कार्यालय समय भित्रमा रु.१०/- दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन पेश गरि कोटेसन सम्बन्धि कागजात खरिद गर्न सकिनेछ

३. सिलबन्दी कोटेसन मिति २०८०/१२/१ गते दिनको १२:०० बजे सम्म पेश गर्नुपर्नेछ उल्लेखित समय भन्दा ढिलो गरि प्राप्त भएको कोटेसन अस्वीकृत गरिनेछ

४. प्राप्त भएका सिलबन्दी कोटेसन मिति २०८०/१२/१ गते दिनको १:०० बजे खोलिनेछ कोटेसन पेश गर्नेले जमानत बापत नगदी रा राष्ट्रिय बाणिज्य बैंक राजविराज शाखाको खाता न. २१८०१००३०३००००६ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर सिलबन्दी कोटेसन साथ् पेश गर्नुपर्नेछ

५. नियामानुसार सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ


## विश्व समाचार

# 'सुपर ट्यूस्डे' परिणाम बाइडेन र ट्रम्पको पक्षमा

वासिङ्टन, २३ फागुन (रासस/एएफपी) ।

सन् २०२४ को राष्ट्रपतीय निर्बाचनको प्राथमिक (प्राइमरी) मतदानमा अमेरिकी राष्ट्रपति जो बाइडेन र पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले आ-आफ्नो पार्टीको प्राइमरी प्रतिस्पर्धामा अग्रता लिएका छन् ।

अमेरिकी लेखक मारियान विलियम्सन र सांसद डीन फिलिप्सको चुनौती रहेको बताइएका बाइडेनले अलाबामा, म्यासाचुसेट्स, मेन, नर्थ क्यारोलिना, ओक्लाहोमा, टेनेसी, भर्जिनिया र भर्मोन्टको डेमोक्र्याटिक प्राइमरीमा बिजयी हुनुका साथै आयोवामा पार्टीका तर्फबाट उम्मेदवार चयन हुनुभएको छ ।

ट्रम्पले अलाबामा, नर्थ क्यारोलिना, ओक्लाहोमा, टेनेसी र भर्जिनियामा हुने रिपब्लिकन प्राइमरी प्रतिस्पर्धामा दक्षिण क्यारोलिनाका पूर्व गभर्नर तथा संयुक्त राष्ट्रसङ्घका लागि पूर्व अमेरिकी राजदूत निक्की हेलीलाई पराजित गर्ने अनुमान गरिएको छ ।

सन् २०२४ को अमेरिकी राष्ट्रपतीय निर्वाचनको प्राथमिक दौडको लागि सबैभन्दा महत्वपूर्ण दिन 'सुपर ट्यूस्डे' को रातमा अनुमानित परिणामहरू आउने क्रम जारी छ । क्यालिफोर्निया र टेक्सासलगायत १५ राज्य तथा समोआमा मङ्गलबार प्राथमिक निर्वाचन सम्पन्न भएको छ । आयोवाको डेमोक्र्याटिक्स पार्टीले आफ्नो राष्ट्रपतीय उम्मेदवार चयनका लागि भएको मतदानको नतिजा सार्वजनिक गरेको छ ।

अमेरिकी समाचारर संस्था, एसोसिएटेड प्रेस (एपी) र एनओआरसी सेन्टर फर पब्लिक अफेयर्स रिसर्चले हालै गरेको एक सर्वेक्षणले सन् २०२० को चुनावमा ८१ वर्षीय बाइडेन र ७७ वर्षीय ट्रम्पको मानसिक क्षमतामा अमेरिकी वयस्कको ठूलो हिस्साले शङ्का व्यक्त गरेको देखाएको छ ।

सर्वेक्षणमा सहभागी १० मध्ये ६ जनाभन्दा बढीले बाइडेनको राष्ट्रपतिको रूपमा प्रभावकारी रूपमा काम गर्न सक्ने मानसिक क्षमतामा आफू विश्वस्त नभएको बताएका छन् भने ५७ प्रतिशतले ट्रम्पमा काम गर्ने क्षमता र तीक्ष्णताको कमी रहेको बताएका छन् । सर्वेक्षण रिपोर्ट अनुसार हरेक पाँचमध्ये चार अमेरिकी वयस्कले संयुक्त राज्य अमेरिका गलत दिशामा गइरहेको ठान्छन् भने पाँचमध्ये एक जनाले सही दिशामा गइरहेको बताएका छन् ।

# अफगानिस्तानमा महिला तथा बालिकाको अधिकारलाई प्राथमिकता दिन आग्रह

जेनेभा (स्वीजरल्यान्ड), २३ फागुन (रासस/एएनआई) ।

अफगानिस्तानमा महिलाहरूलाई आधारभूत अधिकारबाट वञ्चित भएको विवरणह आइरहेका समयमा मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त, भोल्कर टर्कले अफगानिस्तानमा महिला तथा किशोरी अधिकारलाई प्राथमिकता दिन आह्वान गर्नु भएको छ ।

तुर्कले अफगानिस्तानले सामना गर्ने महिला तथा किशोरीहरूको अधिकारको अत्यधिक उल्लङ्घनको विषयमा ध्यानाकर्षण गर्नुभएको खामा प्रेसले आफ्नो समाचारमा लेखेको छ ।

अफगानिस्तानमा मानव अधिकारका लागि संयुक्त राष्टसङ्घीय विशेष प्रतिवेदक रिचर्ड बेनेटले महिला तथा बिशोरहरूको दुरावस्थालाई विशेष जोड दिँदै अफगानिस्तान मानव अधिकारको गम्भीर अवस्थामा तुर्कको चिन्तालाई उजागर गर्नुभयो ।

महिला अधिकारमा ध्यान केन्द्रित गर्दै अफगानिस्तानको इस्लामिक इमिरेटसँगको कुनै पनि अन्तरक्रियाका लागि मानव अधिकारको मौलिक सम्मान पूर्व शर्त भएको बेनेटले बताउनुभयो ।

तालिबानले सत्ता कब्जा गरेको दुई वर्षभन्दा बढी समयपछि अफगानिस्तानमा मानव अधिकारको निरन्तर ह्रासबारे बेनेटको प्रतिवेदन २९ फेब्रुअरीमा संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्मा पठाइएको थियो ।

खामा प्रेसका अनुसार तुर्कले मानव अधिकारका मुद्दाहरूमा मात्र नभई तालिबानले सञ्चारमाध्यम र पत्रकारिताको दमनको बारेमा पनि चिन्ता व्यक्त गर्नुभएको छ ।

प्रतिवेदनमा कान्दाहारमा व्यक्तिहरूको तस्बिरको प्रकाशनलाई गैरकानुनी बनाउने र खोस्ट प्रान्तमा महिलाहरूलाई रेडियो कार्यक्रममा समेत निषेध गर्ने जस्ता उपायहरू समावेश छन् ।

यद्यपि, तालिवान प्रशासनका प्रवक्ता जबिहुल्लाह मुजाहिदले महिला अधिकारका लागि वर्तमान् सरकार प्रतिबद्ध भएको बताउनुभएको छ । मानव अधिकारको उल्लङ्घनलाई अस्वीकार गरी पश्चिमी राष्ट्रहरूले अफगान सरकारलाई दबाब दिन यी दावीहरू प्रयोग गरेको दावी उहाँले गर्नुभयो ।

तालिबानले महिला अधिकारमा लगाएको कडा प्रतिबन्धले उनीहरूको शिक्षा र रोजगारीका अवसरहरूमा घातक प्रभाव पारेको छ । अफगान महिला तथा बालिकाहरूले सशक्तिकरण र आर्थिक स्वतन्त्रताको लागि आवश्यक मार्गहरूबाट वञ्चित गर्दै विद्यालय जान वा सुखद भविष्यको खोजी गर्न विकराल अवरोधहरूको सामना गरिरहेका छन् ।

यसैगरी, अन्तर्राष्ट्रिय समुदायले व्यापक मानवीय प्रयासको एक हिस्साको रूपमा अफगान महिला अधिकारको संरक्षण र समर्थनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको खामा प्रेसले जनाएको छ ।

# मलेठ घटनाको सम्झनामा मैनवत्ती प्रज्वलन




**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

सात वर्षअघि भएको मलेठ घटनाको सम्झनामा बुधबार साँझ राजविराजमा मैनबती प्रज्वलन गरिएको छ।

राजबिराज ९ स्थित मलेठमा सहिद स्तम्भमा जसपा नेपाल सप्तरीले श्रद्धाञ्जली अर्पण गर्दै मैनबती प्रज्वलन गरेको हो ।

तत्कालीन मधेशी मोर्चा र नेकपा एमालेबीचको द्वन्द्वका कारण सिर्जित घटनामा सञ्जन मेहता, पीताम्बर मण्डल, आनन्द साह, बीरेन्द्र महतो र इनरदेव यादवको मृत्यु भएको थियो ।

२०७३ फागुन २३ गते एमालेले सञ्चालन गरेको मेची-महाकाली अभियान अन्तर्गत सप्तरीमा सभा गर्ने तयारी र सभा गर्न नदिने तत्कालीन मधेशी मोर्चाको अडानका बीच भएको झडपमा मलेठस्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र र बस्तीमा प्रहरीको गोली लागेर ५ जनाको मृत्यु भएको थियो ।

समाजवादी युवा संघ सप्तरीका अध्यक्ष केदार यादव, समाजवादी बिधार्थी युनियन संजय यादव, युवा निकट केन्द्रीय सचिव विशाल यादब, प्रदेश सचिव बिजय साह, युवा जिल्ला सचिव सुधिर यादव लगायतले शहिद स्तम्भमा मैनबती प्रज्वलन गरेका थिए ।

# माओवादी केन्द्रद्वारा सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता

सुदूरपश्चिम, २३ फागुन (रासस) ।

नेकपा कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)ले सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । बुधबार बिहान माओवादी केन्द्र संसदीय दलको बैठकले मुख्यमन्त्री कमलबहादुर शाहलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको सो पार्टीका प्रदेशसभा सदस्य शिवसिंह ओलीले जानकारी दिनुभयो ।

नेपाली कांग्रेस संसदीय दलका नेता शाह नेतृत्वको सरकारमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सत्ता साझेदार थियो । कूल ५३ सदस्यीय प्रदेशसभामा सभामुखबाहेक सो पार्टीका दश प्रदेशसभा सदस्य छन् ।

प्रदेशसभाको ठूलो दल नेपाली कांग्रेसका १९ सदस्यमध्ये बझाङबाट प्रदेशसभामा निर्वाचित कांग्रेसका पृथ्वीबहादुर सिंहको केही महिनाअघि गाडी दुर्घटनामा निधन भएको थियो । प्रदेशसभामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का दश, नागरिक उन्मुक्तिका सात, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का चार, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक र एक स्वतन्त्र सदस्य छन् ।

सत्ता साझेदार नागरिक उन्मुक्ति पार्टी र नेकपा ( एकीकृत समाजवादी)ले बुधबार मध्याह्नसम्म सरकारमा रहने वा नरहने भन्नेबारेमा कुनै निर्णय गरिसकेका छैनन् । यसअघि मङ्गलबार मुख्यमन्त्री शाहले नेकपा (माओवादी केन्द्र)बाट सरकारमा सहभागी सामाजिक विकासमन्त्री झपटबहादुर साउद, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामी र उद्योग पर्यटन तथा वातावरण राज्यमन्त्री गीतादेवी माललाई पदमुक्त गर्नुभएको थियो । मन्त्रीद्वय साउद र धामीले सम्हाल्दै आउनुभएको मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले आफैं मातहत राख्नुभएको छ ।

# माओवादीद्वारा लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता

लुम्बिनी, २३ फागुन (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)ले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । माओवादी केन्द्र लुम्बिनी प्रदेश संसदीय दलको बुधबार बसेको बैठकले मुख्यमन्त्री डिल्लीबहादुर चौधरीलाई दिएको समर्थन फिर्ता लिएको जनाएको छ ।

माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक इन्द्रजित थारूले समर्थन फिर्ता लिएको जानकारीसहितको पत्र मुख्यमन्त्रीको सचिवालयमा बुझाएको बताउनुभयो । कूल ८७ सदस्यीय प्रदेशसभामा १० दलका ८६ र एक स्वतन्त्र सदस्य छन् । प्रदेशमा सबैभन्दा ठूलो दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २९, माओवादी केन्द्रका ११ र जनता समाजवादी पार्टीका तीन सदस्य छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*